**बैठक संख्या :७८**

आज मिति २०७८/०१/१४ गते.........बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री हरिप्रसाद ज्ञवाली | नि. प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| २४ | श्री शिवेन्द्र कुमार पासी | सूचना प्रबिधि अधिकृत | |
| २५ | श्री सुरेन्द्रराज लम्साल | सल्लाहकार | |

**बैठकका एजेन्डाहरु :**

१. कोरोना महामारी रोकथाम तथा नियन्त्रण सम्बन्धमा ।

२. विविध ।

**निर्णयहरु**

१. कपिलवस्तु नगरपालिका भित्र लाग्ने दैनिक तथा सप्ताहिक हाट बजार अर्को सूचना नआउँदा सम्मलाई बन्द गर्ने तथा दैनिक उपभोग गर्ने खाद्य समाग्री, तरकारी स्वास्थ्य मापदण्ड अपनाई सामाजिक दूरी कायम गरी बिकी गर्ने ।

२. कपिलवस्तु नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरु (सामुदायिक, संस्थागत तथा मदरसा), क्याम्पस, कोचिङ्ग सेन्टर लगायत शैक्षिक क्रियाकलापका सम्पूर्ण गतिविधिहरु अर्को सूचना नआउँदा सम्मको लागि बन्द गर्ने ।

३. कपिलवस्तु नगरपालिका भित्र संचालनमा रहेका होटल, रेष्टुरेन्टहरु विहान ८ बजे देखि साँझ ८ बजे सम्म स्वास्थ्य मापदण्ड अपनाई सञ्चालन गर्ने तथा सके सम्म होटलमा सेवा दिनु भन्दा प्याकेजिङ्ग गरेर आफ्नै घरमै लगेर खाने कुरामा ग्राहक वर्गमा अनुरोध गर्ने ।

४. सभा, गोष्ठी, तालिम, ऱ्याली, जुलुस तथा भिडभाड हुने कुनै पनि कार्यक्रम, खेलकुद नगर्ने/नगराउने ।

५. नगर प्रमुखको अनुरोध भनि कोरोना सम्बन्धी जनचेतना मूलक संदेशहरु माइकिङ्ग गराउने तथा एफ.एम. रेडियोहरुमा सूचना प्रसारण गर्न लगाउने ।

६. बिबाह, ब्रतबन्ध, न्वारन, पास्नी, धार्मिक अनुष्ठान, अन्तिम संस्कार जस्ता अत्यावश्यक परम्परागत, धार्मिक, सांस्कृतिक तथा सामाजिक कार्यक्रमहरु स्वास्थ्य मापदण्ड अपनाई बढीमा २५ जना सम्मको सहभागितामा उक्त कार्यक्रम सम्पन्न गर्ने/गराउने ।

७. कपिलवस्तु नगरपालिका, नगर कार्यपालिका कार्यालयबाट संचालन तथा सम्पादन हुने अति आवश्यक सेवा (स्वास्थ्य सेवा, दमकल सेवा, सरसफाई, नगर प्रहरी) बाहेकका सम्पूर्ण कामकाज तथा सेवा अर्को सूचना नआउदा सम्मलाई बन्द गर्ने ।

८. कपिलवस्तु नगरपालिका, नगर कार्यपालिका कार्यालयका स्वास्थ्य शाखा, प्रशासन शाखा, लेखा शाखा, योजना तथा पूर्वाधार शाखा, सूचना प्रविधि शाखा, जिन्सी शाखा, राजस्व शाखा बाहेकका शाखाहरुका कर्मचारी Work From Home विधिबाट कार्य गर्ने तथा कार्यालय प्रमुखको सम्पर्कमा बस्ने र कार्यालयलाई आवश्यक परेको बेला कार्यालयमा उपस्थित हुने ।

९. कपिलवस्तु नगरपालिका मातहतका सम्पूर्ण वडा कार्यालयबाट संचालन तथा सम्पादन हुने (स्वास्थ्य तथा सरसफाई) बाहेकका दैनिक रुपमा गर्ने कामकाज अर्को सूचना नआउदा सम्मलाई बन्द गर्ने तथा वडाका कर्मचारी नगरपालिकाको कार्यालय प्रमुख तथा आ-आफ्नो वडा अध्यक्षको सम्पर्कमा बस्ने र वडा कार्यालयलाई आवश्यक परेको बेला कार्यालयमा उपस्थित हुने ।

१०. अति आवश्यक काम परी सार्वजनिक ठाउँमा हिँडडुल गर्दा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने तथा न्यूनतम २ मिटरको भौतिक दुरी कायम गर्ने तथा पटक पटक साबुन पानीले हात धुने अथवा गुणस्तरीय सेनेटाइजर प्रयोग गर्ने ।

११. कोरोना महामारी सम्बन्धी आपतकालिन खर्चहरुको निर्णय गर्ने अधिकार नगर प्रमुखलाई दिने ।

१२. आ.व. २०७७/०७८ को लागि कपिलवस्तु नगरपालिका वडा नं. १ र ३ मा क्रियापुत्री भवन निर्माण शिर्षकमा विनियोजित रकम क्रमशः वडा नं. १ को लागि रु. ६ लाख र वडा नं. ३ को लागि रु. ८ लाख जम्मा रकम रु. १४ लाखलाई संशोधन गरी नगर पूर्वाधार सम्बोधन कार्यक्रम मार्फत खर्च गर्ने ।

१३. कपिलवस्तु नगरपालिका वडा नं. १० को च.नं. १४७६ मिति २०७८/०१/०८ को प्राप्त पत्रानुसार मर्मत सम्भार कोषमा विनियोजित रकम मध्येबाट रु. १ लाख पि.पि.सी. ढलान मुल सडक देखि वडा कार्यालय जाने बाटो निर्माणमा संशोधन गरिएकोमा उक्त योजना वडा कार्यालय वाउण्ड्रीवाल तथा पि.पि.सी. ढलान मुल सडक देखि कार्यालय जाने बाटो शिर्षकमा विनियोजित रकमबाट सम्पन्न भएकोमा मर्मत सम्भारबाट संशोधन भएको रकम रु. १ लाख मर्मत सम्भार कोषमा यथावत राखी उक्त रकमबाट वडा भित्र रहेको आधारभुत स्वास्थ्य सेवा केन्द्रको शौचालय मर्मत र व्यवस्थापन गर्ने ।